# कविलासी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही
२०७३
२ नं. प्रदेश नेपाल

पत्र संख्या :-
चलानी नं. :-

मितिः- ..........................


**विषय :-** प्रतिवद्धता

२०७४ कार्तिक १४ गते

नेपालमा मातृ शिशु पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार, संयुक्त राष्ट्र संघीय निकायहरू, विकास साझेदारहरू, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरूवाट २०६९ साल असोज ४ गते प्रतिवद्धताको घोषणा पत्रमा हस्ताक्षर गर्दै बहुक्षेत्रीय पोषण योजना २०६९-२०७३ कार्यान्वयन भईरहेको छ । नेपालले सन् २०३० सम्ममा कुपोषणलाई अन्त्य गर्ने अन्तराष्ट्रिय प्रतिवद्धता व्यक्त गरेको छ । विगतमा स्थानीयस्तरमा जिल्ला समन्वय समितिको (साविकको जिल्ला विकास समिति) संयोजनकारी भूमिकामा स्थानीय निकाय र विषयगत कार्यालयहरु मार्फत यो योजना कार्यान्वयनमा रहेकोमा हाल नयाँ संविधान जारी भई संघ, प्रदेश र स्थानीय तहका अधिकारहरु स्पष्ट भई आएका छन । आज यो कार्यक्रमको सफल कार्यन्वयनको कर्तव्य हाम्रो भएको छ । आज मिति २०७४ कार्तिक १४ गते यस नगरपालिकाका निर्वाचित पदाधिकारीहरु हामी वहुक्षेत्रीय पोषण योजनाको अभिमुखिकरणमा उपस्थित भई निम्नानुसारका क्रियाकलाप पूर्ण रुपमा कार्यान्वयन तथा सहभागिता जनाई नगरपालिकामा यस योजनाको सफल सञ्चालन गर्ने प्रतिवद्धता जाहेर गर्दछौं ।

प्रतिवद्धता:

१. सबै बालबालिकालाई अनिवार्य विद्यालय जाने वातावरण सृजना गरि गुणस्तरीय शिक्षाको व्यवस्था गर्नेछौं ।
२. निशुल्क तथा गुणस्तरीय उपचारका लागि प्रत्येक वडामा स्वास्थ्य चौकी र नगरमा एक १५ शैयाको प्रसुती सेवा सहितको अस्पताल निर्माण गर्नेछौं ।
३. गर्भवती तथा सुत्केरी आमालाई पोषण भत्ता प्रदान गर्नेछौं ।
४. नगर भित्र स्वच्छ खानेपानीको व्यवस्था सुनिश्चित गर्नेछौं ।
५. बहु क्षेत्रिय पोषण योजनाको अभिमुखिकरणमा प्राप्त ज्ञान, सीप र साझा बुझाईलाई व्यवहारमा लागु गर्न सदा तत्पर रहनेछौं ।
६. विभिन्न तहमा भएका प्रतिवद्धता, कार्ययोजना र समन्वय संयन्त्रसहित कार्यान्वयनको सुनिश्चितताका लागि सहयोगी निकायवाट प्राप्त सहयोगलाई समेत मूलप्रवाहीकरण गर्दै प्रभावकारी अनुगमन गर्न अघि बढ्नेछौं ।
७. सबैस्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गर्नेछौं ।
८. यो योजना सञ्चालन गर्न संघीय, प्रादेशिक तथा अन्य स्थानीय तह लगायत विकास साझेदार एवम् सरोकारवाला निकायसंग सार्थक समन्वय गर्नेछौं ।
९. स्वस्थ्य सफा र पूर्ण पोषणयुक्त घर, गाउँ, वडा अभियान सञ्चालन गर्दै आगामी ५ वर्ष भित्र यस कविलासी नगरपलिकालाई कुपोषणमुक्त गर्नेछौं ।
१०. पोषण कार्यक्रमलाइ परिणाममुखी बनाउन पभावकारी रुपमा संचालनका लागि स्थानिय तहमा निति वनाउने तथा कार्यन्वयन गर्नेछौं ।
११. वहुक्षेत्रीय पोषण कार्यक्रमको लागि चालु आ.व. मा कविलासी नगरपालिकावाट रु. १२:३४०००/- वजेट विनियोजन सहित कार्यक्रम तर्जुमा गर्ने ।

नगरपालिका स्तरीय अभिमुखिकरण २०७४ कार्तिक १४ गते सर्लाही ।